नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 23 No 7 Monthly International Edition of Herald of His Coming July 2023

वर्ष २३, अङ्क ७ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (साउन, २०७९)

धोकामा नपर्न होशियार हौऔं

(Take Heed That You Not Be Deceived)

By Rich Carmicheal

हेराल्डको यो अङ्क सत्यलाई अँगाल्ने र धोकाबाट सावधान रहनुपर्ने आवश्यकतामा केन्द्रित छ। यी तलका विषयवस्तुहरू वास्तवमै एकदमै महत्वपूर्ण विषय नै हुन् भन्ने मैले ठानेको छु। "सत्यद्वारा जिउने मानिस ज्योतिमा आउँछ, र यसरी गरेका कामहरू परमेश्वरमा गरिएका छन् भन्ने प्रष्ट देखिन्छ ।" (यूहन्ना ३ : २१) "तब तिमीहरूले सत्य के हो सो जान्नेछौ र त्यसले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ ।" (यूहन्ना ८:३२) "तिमीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो।" (१७:१७) "तिमीहरू जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार र सुन्यौ, र उहाँमा विश्वास गऱ्यौ, उहाँमा नै तिमीहरूलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियौ ।" (एफिसी १ : १३) त्यसैले हाम्रो जीवनमा राम्रो फल फलाउँछ (कलस्सी १ : ५ - ६) र त्यसैले नै हामीलाई बचाउँछ (भजनसंग्रह ४०:११) अर्कोतर्फ छल र सत्यको दमनले आत्मिक अन्धकारमा पुऱ्याउँछ (रोमी १ : १८-२१) साथै पापको दासत्वमा लैजान्छ (१ : २८ - ३१) परमेश्वरसँगको सम्बन्धलाई गुमाउँछ (व्यवस्था ११ : १६ रोमी १ : २८) दुष्टको इच्छाअनुसारको आत्मिक कैदमा लैजान्छ (२ तिमोथी २ :२५ - २६) र अन्त्यमा आत्मिक मृत्युसम्म पुऱ्याउँछ। (रोमी ७ : ११)

सत्य र छली बिचको लडाइँ मानव जाति जत्तिकै पुरानो छ । अदनको बगैँचाजस्तो आदर्श र असल वातावरणमा पनि शैतानले हब्बालाई परमेश्वरप्रति शङ्का गर्न र अनाज्ञाकारी हुन उक्सायो। यसरी उसले मानवजातिप्रति नै धोकाको भावनाले हेऱ्यो । परमेश्वरले आदम र हब्बालाई यो असल र खराब रुखको फलको विषयमा के गर्नुपर्ने हो स्पष्टसँग भन्नुभएको थियो । वास्तवमा परमेश्वरले चेतावनी दिनुभएको थियो। उहाँले यसरी भन्नुभएको थियो "तर असल र खराबको ज्ञान दिने रुखको फलचाहिँ नखान, किनभने जुन दिन तैँले त्यो खान्छस्, तँ निश्चय नै मर्नेछस्।" (उत्पत्ति २ : १७) दुष्टले यहाँ हब्बालाई उल्टो विश्वास गर्न लगायो र ठग्यो "तिमीहरू पक्कै मर्नेछैनौ, किनकि परमेश्वरलाई थाहा छ कि "तिमीहरू मर्दैनौ किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वर जस्तै हुनेछौ । (३:४- ५, २ कोरिन्थी ११ : ३) दुष्ट, शैतान जसलाई झुटको पिता भनिन्छ, ऊ महान् छली हो (यूहन्ना ८ :४४, प्रकाश १२ :९) र परमेश्वरको सत्यताको विरुद्धमा सधैँ लडाइँ गर्न तम्सिरहन्छ । उसले धोका दिन सधैँ प्रयास गरिरहन्छ। वास्तवमा उसले दिने धोका चारैतिरबाट आउँछ। दुष्ट र अन्धकारका शक्ति जहिले पनि बलवान छन्। यस्तो प्रकारको कामहरू आत्मिक शक्तिहरूबाट, झुटा शिक्षक र शिक्षाहरूबाट, झुटा अगमवक्ताहरूबाट, पापको छलबाट हाम्रो आफ्नै भित्रबाट पनि उत्पन्न हुन्छन् र सत्यताको विरुद्धमा युद्ध गरिरहन्छन् ।

यस्तो प्रकारको युद्ध यी अन्तका दिनहरूमा निकै प्रबल भएर देखिएका छन् । येशूले यसरी भन्नुभयो, "...धेरै झुटा अगमवक्ताहरू खडा हुनेछन् र धेरैलाई बहकाउनेछन्" (मत्ती २४:११) त्यसै गरी पावल प्रेरितले यसरीले लेखका छन् "दुष्ट मानिसहरू र ठगाहाहरू ठगेर र ठगिएर झन् झन् दुष्ट हुँदै जानेछन्।" (२ तिमोथी ३ : १३) उनले यो पनि चेतावनी दिन्छन् कि "पवित्र आत्मा प्रष्टै भन्नुहुन्छ कि पछि आउने समयमा छली आत्मा र भूतप्रेतका सिद्धान्ततिर मन लाएर

कोही विश्वासबाट तर्किजानेछन्।" (१ तिमोथी ४:१) दुष्टलाई उसको समय एकदमै कम भन्ने थाहा छ र त्यसैले गर्दा उसले उसको आक्रमण अथक र निर्दयी हुन्छ।

के तपाईंले यी दिनहरूमा झुट र छलको व्यापकता भएको र त्यसले परमेश्वरको आत्माका कामहरूलाई दबाउन खोजेको थाहा गर्नुभएको छ। के यर्मिया, यशैया र होसेको समयमा भएका घटनाहरू वर्तमान समयमा पनि मेल खाँदैनन् र ? "यो त्यही जाति हो, जसले परमप्रभु आफ्ना परमेश्वरको आज्ञापालन गरेन, र उहाँको अनुशासन ग्रहण गरेन। सत्यचाहिँ नष्ट भयो त्यो तिनीहरूको मुखबाट लोप भयो।" (यर्मिया ७ :१४) "यसैले न्याय पछिल्तिर हटाइएको छ र धार्मिकता टाढा भएको छ, सत्यले चाहिँ सडकहरूमा ठेस खाएको छ र इमानदारिताले प्रवेश गर्न सक्दैन।" (यशैया ५९:१४)"... यस देशमा विश्वास्तता छैन, प्रेम छैन र परमेश्वरको मान्यता पनि छैन।" (होशे ४ :१) "... सत्यलाई तिनीहरूका अधर्मले दबाएर राखेका छन्।" (रोमी १ : १८) "किनकि तिमीहरूले परमेश्वरको सत्यतालाई झुटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे।" (पद २५)

सत्यलाई अँगाल्नुहोस्

हामीले दैनिक रूपमा बेहोर्ने आत्मिक लडाइँको विषयमा पावलले यसरी भनेका छन्, "दियावलसका युक्तिहरूका विरुद्धमा खडा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर।" (एफिसी ५:११) यहाँनेर विचार गरौं त "आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खडा होओ," (पद १४) सत्य एकदमै महत्वपूर्ण कुरा हो। भजनसंग्रहका लेखकले सत्यप्रतिको उनको प्रतिबद्धतालाई यसरी प्रकट गर्दछन् "मैले सत्यताको मार्ग छानेको छु। (भजनसंग्रह ११९:३०) हामीले आफैलाई सत्यताले बाँधौं र सत्यलाई अँगालौं, सत्यलाई मानौं र सत्यतामा नै हिँडौं।" जब सत्यका आत्मा आउनुहनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोहोऱ्याउनु हुनेछ।" (यूहन्ना १६ :१३) । हामी आफैलाई परमेश्वरको सत्यको वचन (१७:१७) मा नयाँ प्रकारले समर्पित होऔं । हाम्रा परमेश्वर सत्यतामा प्रसस्त हुनुहुन्छ, (प्रस्थान ३४:६) र त्यो सत्य सधैं भनी रहिरहन्छ (भजनसंग्रह ११७:२) हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्ट जो बाटो, सत्य र जीवन हुनुहुन्छ (यूहन्ना १४:६, १:१४, एफिसी ४:२१) । तिर हाम्रा आँखाहरू लगाऔं। यी अन्तिम दिनहरूमा उहाँले दिनुभएका चेतावनीहरूलाई ध्यान दिऔं । "उहाँले भन्नुभयो, होशियार रहो, तिमीहरूलाई कसैले नबहकाओस्।" (लूका २१ :८)

हे प्रभु ! तपाईंको ज्योति र सत्यतालाई पठाउनुहोस्, तिनैले हामीलाई अगुवाई गरुन् "तपाईंको ज्योति र तपाईंको सत्यता पठाइदिनुहोस्, तिनैले मलाई पवित्र पर्वतमा त्यो वासस्थानमा पुऱ्याउन जहाँ तपाईं वास गर्नुहुन्छ।" (भजनसंग्रह ४३:३) परमेश्वरले हरेकलाई आशिष दिऊन्।

सिरियामा बढ्दो संकट (Worseing Creses in Syria)

सिरियामा मानवी संकट झन् चर्किदै गएको छ। २०११ सालदेखि यता खडेरीको कारणले गहुँको उत्पादन कम भएको छ। पिउने पानीको अभावले, झाडापखालाले देश भयावह अवस्थामा पुगेको छ। संयुक्त राष्ट्रको रिपोर्टअनुसार जाडोमा बाँच्नको लागि ३० % मानिसहरूलाई ओढ्ने लुगाको कमी भएको छ।

छिमेकी राष्ट्र लेबनानले सिरियालाई अझै अप्ठ्यारो अवस्थामा पुऱ्याएको छ। वास्तवमा सिरियालीहरूलाई बाँच्नै गाह्रो भएको छ। एकजना सेवकले यसरी भनेका छन्, "वर्तमान समयमा सिरियामा जीवन निर्वाह गर्न नै गाह्रो भएको छ। जीवन निर्वाहको एक मात्र उपाय भनेको, उनीहरूका छोराछोरीहरू अरू छिमेकी देशहरूमा शरणार्थीको रूपमा भागेर गएका छन् र त्यही तिनीहरूले काम गरेर आफ्नो बुबाआमाको लागि केही पैसा पठाएर सहयोग गर्दछन्।" एकजना अगुवाले सिरियामा भएका मानिसहरूलाई सहयोगको अपिल गर्दै यसरी लेखेका छन्, "यो अति नै कठिन परिस्थितिमा मण्डली, संघ-संस्था, सम्प्रदायहरू एक ठाउँमा जुटेका छन्, मण्डलीहरूले विभिन्न शैक्षिक कार्यक्रमहरू, बालबालिकाका गतिविधिहरू, सानातिना उद्योगहरू, सञ्चालन गरेका छन् जसले गर्दा धेरै मानिसहरूलाई जीवन धान्न सहज हुने भएको छ।"

आउनुहोस् हामी सिरियाको लागि प्रार्थना गरौं, विशेष गरी ती दाजुभाइ, दिदीबहिनीहरू जो यस्तो कठिन समयमा पनि परमेश्वरको गवाही दिने काममा पछि हटेका छैनन्। सिरिया माथि परमेश्वरको दया प्रकट होस्। मण्डलीको अगुवाहरूको लागि प्रार्थना गरौं जसले यस्तो परिस्थितिमा पनि उहाँको काम रोकेका छैनन्। "प्रभु ! सिरियामा प्रकट हुनुहोस् र जसले गर्दा धेरै मानिसहरूले तपाईंको ज्योति देख्न सकून्।"

mnnonline.org Information by Permission of Mission Network News

खीष्ट सबैथोक हुनुहुन्छ
Christ is All

By Rich Carmmicheal

परमेश्वरको वचनले यी अन्तका दिनहरूमा झुटा शिक्षाहरूबाट होशियार रहन स्पष्ट रूपमा चेतावनी दिन्छ । उदाहरणको लागि प्रेरित पावलले यसरी भन्दछन् "पछिल्ला समयहरूमा कोही कोही विश्वासबाट टाढा हुनेछन्, भ्रमका आत्माहरू मानिसहरू र ठगीहरू झन् झन् बढ्दै जानेछन् ।" (१ तिमोथी ४:१) र ती दुष्ट प्रेरित यूहन्नाले पनि हामीलाई हरेक आत्मालाई विश्वास नगर्नु, तर ती आत्माहरू परमेश्वरबाट आएका हुन भनी जाँच्नुहोस् भनी आग्रह गर्दछन् । किनभने सबै झुटा अगमवक्ताहरू यस संसारमा निस्केका छन् । (१ यूहन्ना ४:१) यसै गरी प्रेरित पत्रुसले पनि यसै प्रकारको सल्लाह दिएका छन् । उनी भन्दछन्, "यसकारण प्रिय हो, तिमीले यो पहिल्यै थाहा पाएकोले, होशियार रहो नत्रता तिमी पनि आफ्नै अटलताबाट खस्नेछौ, र दुष्टको गल्तीमा तिमी पनि फस्नेछौ (२ पत्रुस ३ :१७)

हामी सत्यताको विपरीत आउने हरेक कुरामा सतर्क हुनुपर्दछ । खीष्ट व्यक्ति र उहाँको कामको विषयमा विशेष गरी हामी सतर्क हुनुपर्दछ । किनभने खीष्ट नै परमेश्वरको अनन्त योजना र उद्देश्यको केन्द्र हुनुहुन्छ । उहाँ सबै प्रकारका विकृति र छलहरूको निशानामा हुनुहुन्छ । खीष्ट आक्रमणमा पर्नुपर्ने विषयहरूमा उहाँको कन्याबाट जन्म, ईश्वरत्व, परमेश्वरको पुत्र, उहाँको अद्वितीय स्थान, मुक्तिको एकमात्र माध्यम, उहाँका दावीहरू र प्रतिज्ञाहरू हुन् ।

वास्तवमा लामो समयदेखि खीष्टको जीवनी र सेवाको विषयमा झुटा शिक्षाहरूले तीव्र आलोचना गरिरहेका छन् र आगामी दिनहरूमा पनि यो कार्य कम हुँदै जानेछ भन्ने आश गर्न सकिँदैन, यो अझै बढ्नेछ । उदाहरणको लागि पावल प्रेरित कोरिन्थीका मानिसहरूलाई पत्र लेख्दा एउटा कुरो सारै चिन्ता गरेका छन् उनि भन्दछन् "अर्को येशू" (२ कोरिन्थी ११: ३-४) प्रचार गरिएका छलपूर्ण कामदारहरूले तिमीहरूको समझलाई खीष्टको भक्तिबाट टाढा लैजान सक्दछ । यस्तै प्रेरित पत्रुसले पनि झुटा शिक्षाको बारेमा यसरी चेतावनी दिन्छन्, "जसले गोप्य रूपमा विश्वासकारी पाखण्डहरू ल्याउनेछन्, उनीहरूलाई किन्नुहुने प्रभुलाई पनि इन्कार गर्नेछन्" (२ पत्रुस २:१) र खीष्टको दोस्रो आगमन माथि पनि प्रश्न गर्नेछन् (३ : ३ -४) यस्ता व्यक्तिहरूलाई उनले कडा चेतावनी दिएका छन् । प्रेरित यूहन्नाले खीष्ट विरोधीको आत्मा र उहाँको आगमनलाई विश्वास नगर्नेहरूलाई कडा चेतावनी दिन्छन् (१ यूहन्ना ४ :३, २ यूहन्ना १:७) साथै येशू नै खीष्ट हुनुहुन्छ भनी इन्कार गर्नेहरूलाई चेतावनी दिएका छन् (१ यूहन्ना २:२२) यस्ता प्रकारका शिक्षाको पछि लाग्नु हुँदैन ।" (२ यूहन्ना १:९) भनी स्पष्ट पार्दछन् ।

यस्तै गरी यहूदाले पनि झुटा शिक्षाको वास्तविकतालाई देखाउँदछन् । जसले "एकमात्र प्रभु परमेश्वर र हाम्रा प्रभु येशू खीष्टलाई इन्कार गर्दछ ।" (यहूदा १:४) विश्वासीलाई "सन्तजनहरूलाई सुम्पिएको विश्वासको लागि दृढतापूर्वक लड्न" आवश्यकतालाई जोड दिन्छ (पद ३) खीष्टको बारेमा आधारभूत सत्यहरूलाई विकृत र इन्कार गर्ने चर्चभित्रका व्यक्तिहरूको वास्तविकताको सामना गर्दा यो आज हाम्रो सामु चुनौती जारी छ । हामी धर्मशास्त्रले सिकाउने कुराहरू र मण्डलीले लामो समयदेखि खीष्टको सन्दर्भमा विश्वासपूर्वक हामीलाई दिइएको सत्यतामा सधैँ अटल र सत्य रहनु पर्दछ ।

खीष्ट सबैथोक हुनुहुन्छ

यद्यपि धेरै धर्म र व्यक्तिहरूले येशूलाई एक असल शिक्षक, असल अगमवक्ता र असल व्यक्तिको रूपमा आफ्नो अनुसार नै परिभाषा दिने गर्दछन् । तिनीहरूले उहाँलाई मुक्तिदाता, सर्वोच्च परमेश्वर, भने स्वीकार गर्दैनन् । बाइबलले खीष्ट नै सबै कुरा र सबै कुरा हुनुहुन्छ (कलस्सी ३:११) भनी स्पष्ट पारेको छ । बाइबलले उहाँ अल्फा र ओमेगा, सुरु र अन्त्य पहिलो र अन्तिम उहाँ नै हुनुहुन्छ भनी व्यक्त गर्दछ । (प्रकाश २२:१३) उहाँ त्यो व्यक्ति हुनुहुन्छ जसलाई परमेश्वरले मरेकाहरूबाट ब्यूताउनुभयो र "आफ्नो दाहिने हातपट्टि स्वर्गीय स्थानहरूमा विराजमान हुनुभयो, सबै राज्यसत्ता, शक्ति, पराक्रम र प्रभुत्व र हरेक नाउँ, जुन यस युगमा मात्र होइन तर आउने युगमा पनि राखिएको छ त्यो आउँदैछ ।(एफिसी १:२०-२१) पृथ्वी र स्वर्गका सबै अधिकार उहाँकै हो । (मत्ती २८:१८) र सबैथोक उहाँकै अधिनमा छन् (एफिसी १:२२) उहाँ मात्र प्रभु हुनुहुन्छ र उहाँद्वारा सबैथोकहरू बनिएका छन्, उहाँद्वारा नै हामी बाँच्दछौ । (१ कोरिन्थी ८:६)

"...उहाँ सबै कुराका उत्तराधिकारी हुनुहुन्छ, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो । उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले

सम्भाल्नु हुन्छ ।"(हिब्रू १ :२ - ३)"किनकि उहाँमा नै सबैथोक सृष्टि भएका थिए । स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू चाहे प्रधानताहरू चाहे प्रभुत्वहरू चाहे प्रधानताहरू, चाहे अधिकारहरू सबैथोक उहाँद्वारा नै र उहाँकै निम्ति सृजिएका छन् । उहाँ नै सबै कुरा भन्दा अगाडि हुनुहुन्छ, र उहाँ परमेश्वरको वचन हुनुहुन्छ र संसारका लागि परमेश्वरको सबैभन्दा ठूलो सन्देश र सन्देश वाहक हुनुहुन्छ । (यूहन्ना १:१, हिब्रू १:२) सबैभन्दा पहिलो सत्यता यो हो कि उहाँ हाम्रो पापको खातिर मर्नुभयो धर्मशास्त्रअनुसार उहाँ गाडिनुभयो र धर्मशास्त्रअनुसार उहाँ तेस्रो दिनमा फेरि जीवित हुनुभयो (१ कोरिन्थी १५:३-५) उहाँ परमेश्वरका पवित्र हुनुहुन्छ र उहाँसँग अनन्त परमेश्वरका वचनहरू छन् (यूहन्ना ६:६८-६९) उहाँ जीवनको रोटी हुनुहुन्छ (६ :३५) उहाँ जीवित पानीको स्रोत हुनुहुन्छ (४ :१४) उहाँ हरेक आत्मिक आशिषको स्रोत हुनुहुन्छ (एफिसी १ : ३) र उहाँमा "बुद्धि र ज्ञानका सबै खजाना लुकेका छन् ।" (कलस्सी २ :३)

उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ

धर्मशास्त्रले येशू परमेश्वरको अद्वितीय पुत्र हुनुहुन्छ भन्ने सत्यको साक्षीले भरिएको छ, जसमा येशू आफैको गवाही (मर्कूस १४:६१ - ६२) र येशूको बप्तिस्मा र रूपान्तरणको घोषणा गर्नुहुने पिताको गवाहीसहित यिनी मेरा प्रिय पुत्र हुन् जसमा म खुसी छ ।" (मत्ती ३:१७, १७:५) येशू सुरुमा नै परमेश्वरसँग हुनुहुन्थ्यो । (यूहन्ना १:१) उहाँ स्वर्गबाट ओर्लेर आउनुभयो । (६ :३८) उहाँ देहधारी हुनुभयो र हामीबीच बास गर्नुभयो (१:१४) । यस्तै परमेश्वरका एकमात्र अवतारको सन्दर्भमा कति इसाई अगुवाहरूले पनि खीष्ट कन्याबाट जन्मिनुभएको कुरालाई इन्कार गर्दछन् । यद्यपि पवित्र आत्माको शक्तिले उहाँको गर्भधारण भएको र कन्या मानिएकाबाट जन्मिनुभएको हो भनेर धर्मशास्त्रले स्पष्टसँग भनेको छ । (लूका १:३५, मत्ती १:२३) येशू परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने विषयमा प्रसस्तै सत्य प्रमाणहरू छन् । यहुदी अगुवाहरूलाई यो कुरा बुझ्न एकदमै गाह्रो भएको थियो । येशूले भन्नुभयो "म र पिता एक हौं (यूहन्ना १०:३०) यो कुरा यहूदीहरूको लागि विश्वासमा ठेस लाग्ने कुरा थियो । येशूले आफैलाई परमेश्वर पिताको बराबरी (५:१८, १०:३०) को रूपमा प्रस्तुत गर्नुभयो । वास्तवमा बाइबलले खीष्ट परमेश्वर नै हुनुहुन्छ भनी प्रमाणित गर्दछ । वास्तवमा धर्मशास्त्रले खीष्टलाई परमेश्वर भनी पुष्टि गर्दछ । यी तलका खण्डहरूलाई यस विषयमा समावेश गरिएको छ । "... अनि वचन परमेश्वर हुनुहुन्थ्यो ।" (१ :१) "येशूले तिनलाई भन्नुभयो साँच्चै म तिमीलाई भन्दछु अब्राहाम हुनुभन्दा अगाडि म हुँ" (८ : ५८) "...अनि तिनीहरूले उहाँको नाउँ इम्मानुएल राख्नेछन्, जसलाई अनुवाद गरिएको छ, परमेश्वर हामीसँग" (मत्ती १:२३) "...थोमाले जवाफ दिए र उहाँलाई भने मेरा प्रभु र मेरा परमेश्वर" (यूहन्ना २०:२८) "किनकि खीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमावास गर्दछ ।"(कलस्सी २:९) "तर पुत्रको विषयमा चाहिँ उहाँ भन्नुहुन्छ "हे परमेश्वर, तपाईंको सिंहासन सदासर्वदाको निम्ति रहिरहन्छ, र न्यायको राजदण्ड तपाईंका राज्यको राजदण्ड हो ।" (हिब्रू १:८)

झुटो शिक्षाले यी कुराहरूलाई त्यति विश्वास पनि गर्दैनन् र व्यवहारमा ल्याउन चाहँदैनन् । खीष्टको ईश्वरत्वलाई स्विकार नगर्नु यो ठूलो विकृति हो ।

उहाँ मुक्तिको एकमात्र बाटो हुनुहुन्छ

संसारको विभिन्न विचारहरूले येशूलाई एकमात्र बाटो हुनुहुन्छ भनी विश्वास गर्दैनन् । तर उहाँ धेरै बाटोहरूमध्ये एउटा बाटो हुनुहुन्छ भनी धेरैले विश्वास गर्दछन् । यो महान् त्रुटि हो जुन धर्मशास्त्रको अस्वीकारमा आधारित छ । परमेश्वरको वचनले अनन्त जीवन परमेश्वरका पुत्रद्वारा मात्र पाउन सकिन्छ भनी सिकाउँछ । "जससँग परमेश्वरका पुत्र हुनुहुन्छ उससँग जीवन हुन्छ, तर जससँग परमेश्वरका पुत्र हुनुहुन्न उससँग जीवन हुँदैन (१ यूहन्ना ५:११-१२) येशू आफैले बाटो सत्य र जीवन म नै हुँ भनी घोषणा गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन ।" यूहन्ना १४:६) अरू कसैबाट पनि मोक्ष छैन ।" (प्रेरित ४:१२)

येशूमार्फत बाहेक परमेश्वरमा जाने बाटोहरू छन् भनी दाबी गर्ने झुटा शिक्षाहरू बाइबलको स्पष्ट बुझाइमा कमी भएर नै हो भनी बुझ्न सकिन्छ । परमेश्वर पूर्णतया पवित्र हुनुहुन्छ र मानिसको पापले उसलाई पवित्र परमेश्वरबाट अलग गर्दछ । (यशैया ५९:२) र अन्तत मृत्युमा पुऱ्याउँछ (रोमी ६:२३) परमेश्वर न्यायी हुनु भएकाले उहाँले पापलाई व्यवस्था गर्न सक्नुहुन्न । यद्यपि उहाँले एउटा मार्ग प्रदान गर्नुभएको छ - त्यो सबैभन्दा महँगो तरिका हो, पापको प्रायश्चित र क्षमाको लागि निर्दोष येशूको रगत बगाएर मानिसका पापहरू क्षमा हुन गएको छ । उहाँ केवल परमेश्वरका पुत्र हुनुहुन्छ जसको बहुमूल्य रगतले मानिसको पाप क्षमा गर्ने योग्यता पर्याप्त मात्रामा छ । यो महान् प्रायश्चित हो ।

संसारमा धेरै मानिसहरू छन् तिनीहरूले आफूलाई बचाउनको निम्ति आफ्नै धार्मिकता, असल काम र जीवन काफी छ भनी विश्वास गर्दछन् । तर मानिसहरू जतिसुकै असल र नैतिकवान किन नहुन्, तिनीहरू पवित्र परमेश्वरको

ज्योतिमा नआएसम्म आफैलाई बचाउन सक्दैनन् । पाप क्षमा पाउन र मुक्तिको मार्ग र जीवनको अनन्तताको वरदान प्राप्त गर्नको लागि तिनीहरूले पापको सामना गर्नै पर्दछ । अनि त्यो परमेश्वरका पुत्र येशू ख्रीष्टद्वारा मात्र सम्भव छ । "...उहाँले आफ्ना एकमात्र पुत्र यस संसारमा पठाउनुभयो ताकि पुत्रद्वारा हामी जिउन सकौं । प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो ।" (१ यूहन्ना ४:९-१०) येशू परमेश्वर र मानिसहरूबिच एक मात्र मध्यस्थकर्ता हुनुहुन्छ । (१ तिमोथी २: ५) र उहाँको रगतबाहेक परमेश्वरमा पुग्ने अर्को कुनै बाटो छैन ।

उहाँ फेरि आउँदै हुनुहुन्छ

येशू फेरि आउँदै हुनुहुन्छ भनी धेरै व्यक्तिहरूले विश्वास गर्दैनन् । यी सबै झुटा शिक्षामा विचारहरू बाबजुद उहाँ ठूलो शक्ति र महिमाका साथ फर्कनुहुनेछ । (मर्कूस १३:२६, लूका ९:२६) "हेर उहाँ बादलहरूका साथमा आउँदै हुनुहुन्छ र हरेक आँखाले उहाँलाई देख्नेछन् र उहाँलाई छेड्नेहरू समेत । र, पृथ्वीका सबै जातिहरूले उहाँको कारण शोक गर्नेछन् ।" (प्रकाश १:७) उहाँ, परमेश्वरलाई नचिन्नेहरू र हाम्रा प्रभु येशू ख्रीष्टको सुसमाचारमा विश्वास नगर्नेहरूमाथि बदला लिनको लागि ज्वलन्त आगोमा उहाँका शक्तिशाली स्वर्गदूहरूसँग स्वर्गबाट प्रकट हुनुहुनेछ । (२ थेस्सलोनिकी १:७-७)

त्यो दिन छिट्टै आउँदैछ जब सबै "ख्रीष्टको न्याय आसनको सामु खडा हुनुपर्नेछ उहाँ तिनीहरूको बिचमा खडा हुनुहुनेछ । (२ कोरिन्थी ५:१०) र उहाँलाई अस्वीकार गर्ने र उहाँको शिक्षा ग्रहण नगर्ने कोही पनि उहाँको वचनद्वारा न्याय गरिनेछ । (यूहन्ना १२:४८) उहाँलाई प्रभु भनी चिन्ने हामी मध्ये "हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको धन्य आशा र महिमाको उपस्थिति" (तीतस २:१३, हिब्रू ९:२८) जसले हामीलाई आउनेवाला क्रोधबाट बचाउनु हुन्छ । (१ थेस्सलोनिकी १:१०) त्यो दिन उहाँका सन्तहरूमा उहाँको महिमा हुनेछ, र विश्वास गर्नेहरूका विचमा उहाँ छक्क पर्नुहुनेछ । (२ थेस्सलोनिकी १ :१०)

तपाईंको ध्यान ख्रीष्टमा राख्नुहोस्

आज संसारभरी धेरै ख्रीष्ट विरोधी झुटा शिक्षाहरू प्रसस्तै छन् । उहाँ हिजो, आज र सधैँभर एक समान हुनुहुन्छ (हिब्रू १३:८) र धर्मशास्त्रले उहाँको बारेमा धेरै गवाहीहरू दिएको छ । उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ, मुक्तिको एकमात्र बाटो, उहाँ अब दोस्रो पटक फेरि राजाहरूका राजा र प्रभुहरूका प्रभुको रूपमा आउँदै हुनुहुन्छ (प्रकाश १९:११-१६) उहाँको व्यक्तित्व र कामलाई घटाउने जुनसुकै शिक्षाहरूबाट सावधानी अपनाउनुहोस् ।

बाइबल- एक सुरक्षा

The Bible – A Safeguard

हामी एउटा यस्तो संसारमा बाँचेका छौं, जहाँ हाम्रो आत्मा जहिले पनि खतरामा छ । शत्रुहरू हाम्रो चारैतिर हामीलाई घेरेर बसिरहेका हुन्छन् । अर्कोतिर हाम्रो आफ्नै आत्मालाई विभिन्न शङ्का उपशङ्काद्वारा र शत्रुले छल गर्न खोज्छ । यस्ता नराम्रा उदाहरणहरू धेरै नै छन् ।

शैतानले हामीलाई सधैँ बहकाउन प्रयास गरिरहेको हुन्छ । यसमा सबैभन्दा पहिला झुटा शिक्षा र झुटा शिक्षकहरू एकदमै सक्रिय रूपमा लागि परेका छन् । यो हाम्रो लागि अति नै ठूलो खतरा हो ।

यस्ता शैतानिक विचारहरूबाट सुरक्षित छन् तपाईंले हातहतियार धारण, गरेर लडाइको निम्ति तयार हुनुपर्दछ । तपाईंको मद्दतको लागि परमेश्वरले विभिन्न हातहतियारहरू दिनुभएको छ, तपाईंले आफ्नो हृदयलाई पवित्र धर्मशास्त्रको भण्डार बनाउनु पर्दछ । हाम्रो हृदयमा परमेश्वरको वचन एकदमै गहिरिएको हुनुपर्दछ ।

परमेश्वरको लिखित वचनद्वारा आफैलाई पूर्ण हात हतियार गरेर युद्धमा जान लागेको सिपाहीजस्तो हुनुपर्दछ । परमेश्वरको वचन नियमित रूपमा पढ्नुहोस् । परमेश्वरको वचनसँग सधैँ परिचित हुनु पर्दछ । परमेश्वरको वचनलाई बेवास्ता नगर्नुहोस् । तपाईंले भेट्नुहुने कुनै पनि झुटा शिक्षक वा शिक्षाले तपाईंलाई तपाईंले भेट्नु हुने कुनै पनि झुटा शिक्षक वा शिक्षाले तपाईंलाई छुन सक्तैन, यदि तपाईं परमेश्वरको वचनमा गहिरिनुभयो भने धर्मशास्त्रले प्रमाणित गर्न नसक्ने कुनै कुराहरूको पछि लाग्नु हुँदैन । बाइबल मात्र एउटा अचुक प्रमाण हो जसले हामीलाई सुरक्षादिन सक्छ । तपाईंले जति सक्नुहुन्छ त्यति बाइबललाई धेरै प्रयोग गर्ने प्रयास गर्नुहोस् । परमेश्वरले तपाईंलाई सुरक्षा दिनुहुनेछ ।

समय कति भयो ?

(What Time is It ?)

– By Lios J. Stucky (1928 – 2014)

पावल प्रेरितले आफ्नो समयको गहिरो अनुभव ख्रीष्ट सँगसँगै आत्मिक रूपमा हिड्दा राम्रोसँग सिक्न सके । ख्रीष्ट प्रभु र उहाँका मार्गहरूमा कति सचेत हुनुहुन्थ्यो भन्ने विषयमा बाइबलले बताउँछ । उहाँको सेवाको समयमा समयको बारेमा चेलाहरूलाई धेरै कुरा सिकाउनु भयो तर तिनीहरूले समयलाई कुनै महत्व नै नदिएर सुतिरहेका भेट्टाउनु भयो ।

आज पनि समयको महत्व नबुझ्ने विश्वासीहरूलाई उहाँले यी पदहरूबाट झस्काउन चाहनुहुन्छ । "यस बाहेक यो वर्तमान समय कस्तो छ, सो तिमीहरूलाई थाहा छ अब निद्राबाट ब्युँझने ठिक बेला आइपुगेको छ, किनकि हामीले पहिले विश्वास गरेको भन्दा अहिले हाम्रो मुक्ति अझ नजिक छ ।" (रोमी १३ : ११) यो खण्डले विश्वासीहरूलाई परमेश्वरको इच्छा र वचनको अनुरूप पवित्र अनौपचारिक तरिकामा आफूलाई परमेश्वरको लागि जीवित बलिदानको रूपमा प्रस्तुत हुन आग्रह गर्दछ । धार्मिकतामा ब्युँझनुहोस् र पाप नगर्नुहोस् भनी उहाँले कोरिन्थीका मानिसहरूलाई दृढतापूर्वक आग्रह गर्नुहुन्छ "होसमा होओ अब उप्रान्त पाप नगर किनकि कतिलाई त परमेश्वरको आज्ञै छैन । तिमीहरूलाई लज्जित तुल्याउनलाई मैले यो भनेको हुँ ।" (१ कोरिन्थी १५ : ३४) यस्तै उहाँले एफिसीहरूमा पनि त्यही समस्या देखेर तिनीहरूलाई पनि उहाँले उत्तेजित पार्न चाहनुहुन्छ । "यसैकारण यस्तो भनिएको छ "ए निद्रामा परेकाहरू, जाग र मरेकाहरूबाट उठ, र ख्रीष्टले तिमीहरूलाई प्रकाश दिनु हुनेछ ।" यसैले कसरी हिँड्छौं ध्यानसँग हेर- निर्बुद्धि मानिस जस्तो होइन, तर बुद्धिमानजस्तो समयको पूरा सदुपयोग गर, किनकि दिन खराब छ ।" (एफिसी ५:१४-१६)

यदि प्रेरित पावलले आफ्नो समयलाई हेर्न ठुलो गम्भिरतालाई संकेत गरे भने, उनले हामीलाई उनको पुस्ताभन्दा आज हामीलाई प्रभुको आगमन नजिक भएको देखेर आज हामीलाई यी वचनहरू लेखे भने उनले हामीलाई के भन्न सक्दछन् ? उनले यसरी भन्दछन्, "जसले हामीलाई भक्तिहीनता र सांसारिक तृष्णाहरू त्याग्न र संसारमा संयमी सोझो र भक्त भएर जीवन यापन गर्न तालिम दिन्छ । र हाम्रो धन्यको आशा- हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको हामी प्रतिज्ञा गर्दछौं । ख्रीष्टले हामीलाई सबै अर्धमबाट मोल तिरेर उद्धार गर्नुभयो, सुकर्ममा जोशिलो भएको आफ्नै निम्ति एक विशेष जाति शुद्ध पार्नलाई आफूलाई दिइहाल्नु भयो ।" (तीतस २ : १२ - १४)

पावल प्रेरितले २ तिमोथी ३:१-९ मा तिमोथीलाई अन्तिम दिनको खतरनाक समयको बारेमा वर्णन गरेका छन् । वास्तवमा हामीलाई यी अवस्थाहरू कत्तिको खराब छन् भनेर थाहा पनि छैन तर ती कति अवस्थाहरूलाई अहिले पनि हाम्रो वरिपरि देख्न सकिन्छ । हामीलाई यो कुरा थाहा हुनुपर्दछ कि यस्ता खराब परिस्थितिहरूबाट हामी टाढै रहनु पर्दछ ।

उच्च र पवित्र बोलावट

साथीहरू, परमेश्वरले हामीलाई उहाँको ज्योति दिनुभएको छ । अरूहरूलाई यस घडीको महत्व र यो कस्तो प्रकारको समय हो भनी बुझाउन हामीले पाएका अवसरहरूमा हामी एकदमै जागा रहनु पर्दछ । परमेश्वरको वचनले भन्दछ, "यसकारण तिमीहरू पनि तयार रहो, किनकि, मानिसको पुत्र तिमीहरूले नचिनाएको बेलामा आउने छ ।" (मत्ती २४:४४)

उहाँको वचन धेरैका लागि जागृति र जीवन परिवर्तन गर्ने वचन होस् भनी परमेश्वर सँग प्रार्थना गरौं । धन्यवाद

र उहाँको प्रियहरूको खातिर परमेश्वरले हामीलाई उहाँको वचनलाई हृदयमा लिन र हामी बाँचिरहेको यो अति नै महत्वपूर्ण समयमा उहाँको कृपापूर्वक र हामीलाई दिनुभएको उच्च र पवित्र वोलावटको योग्य जीवन विताउन परमेश्वरले हामी सबैलाई सहयोग गरुन् ।

आत्मा र रोशनी (प्रकाश)

(The Spirit and Illumination)

By Samuel Chadwick (1860 – 1932)

"जब उहाँ अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनु हुनेछ । उहाँ आफ्नो तर्फबाट बोल्नु हुनेछैन, उहाँले जे सुन्नुहुन्छ त्यही बोल्नुहुन्छ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनु हुनेछ । उहाँले मेरो महिमा गर्नु हुनेछ, किनभने जो मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरि दिनु हुनेछ ।" (यूहन्ना १६ : १३ - १४)

ईश्वरीय सत्यता भनेको व्याकरण, शिक्षा वा तर्क होइन तर परमेश्वरका पवित्र आत्मा हो । उहाँलाई परमेश्वरका गहिरा कुराहरू प्रकट गर्न दिइएको छ । "आत्माले ... परमेश्वरका गहिरा कुराहरू खोज्नुहुन्छ" (१ कोरिन्थी २ : १०) ग्रिक व्याकरणमा विशेषण छैन । यहाँ गहिरा चिजहरू होइन तर गहिरो हो यसलाई ग्रिक भाषामा खास अर्थ लगाउँछ । ईश्वरीय महिमाका किनारहरू जसलाई मोशा र अगमवक्ताहरूले देखेका थिए । तिनीहरू महिमीत र अचम्मका छन् नै । तर यो भन्दा पनि बढ्ता आकाश र समुद्रजस्तै गहिरा कुराहरू परमेश्वरको वचनमा छन् । त्यो गहिरो पनि त परमेश्वरको आत्माद्वारा मात्र खोज्न र प्रकट गर्न सकिन्छ । यो खोजपडताल गर्ने जस्तो कुरा पनि होइन । रोमी ८ : २७ र प्रकाशको पुस्तक २ : २३ परमेश्वर र खीष्टलाई खोजि गर भनिएको छ । यी पदले खीष्टलाई खोजभन्दा पनि खीष्टको पूर्णता भन्ने बुझाउँछ । परमेश्वरको गहिराइ बुझ्नको लागि आत्मा सधैँ सक्रिय हुनुहुन्छ । पर मेश्वरको सर्वज्ञानताले उहाँको गहिराइलाई खुलासा गरेको छ । रोमी ११:३३ ले गहिराइ र नखोजी नहुने विचारहरूलाई एकवद्धता गर्छ ।

यहाँनेर तर्कको मुख्य विन्दु के हो भने परमेश्वरको गहिराइलाई पवित्र आत्माको प्रकाशबाहेक अरू कुनै कुराले पनि थाहा पाउन सकिँदैन । जसरी मानिसमा भएका गहिरा कुरा कुराहरू मानिसको आत्मालाई मात्र थाहा हुन्छ, त्यसरी नै परमेश्वरका गहिरा कुराहरू पनि परमेश्वरको आत्मालाई मात्र थाहा हुन्छ । मानवीय ज्ञानले उहाँलाई चिन्न सकिँदैन । संसारका ज्ञानी, धनी र उनका राजकुमार हरूले उहाँलाई चिन्न सक्दैनन् । ईश्वरीय बुद्धिलाई चिन्न तिनीहरूको ज्ञान पर्याप्त हुँदैन । ईश्वरीय ज्ञान तिनीहरूलाई सिकाएकै हुँदैन, त्यसैले ती कुराहरू तिनीहरूका मुर्खता हुन्छन् । आत्मा परमेश्वरको आत्मा हो जससँग त्यो आत्मा छ उसले मात्र त्यसलाई चिन्न र अनुभव गर्न सक्दछ ।

खीष्टलाई महिमा गर्नको लागि आत्मा दिइएको छ । आत्माको प्रस्ट प्रकाशबिना कुनै मानिसले पनि येशूलाई चिन्न सक्दैन । खीष्टको गहिराइलाई मानवीय ज्ञानले अन्वेषण गर्न सकिँदैन । नासरथमा जन्मनुभएको येशूको जीवनी उपन्यासहरूमा, नाटकमा कला तथा अरू साहित्यिक स्वरूपमा व्याख्या गरिएका हुन सक्दछ तर खीष्ट त्यतिकै सीमित हुनुहुन्न । "...पवित्र आत्माद्वारा मात्र येशू नै प्रभु हुनुहुन्छ भन्न सक्छ ।" (१ कोरिन्थी १२ : ३) उहाँले आफ्नो शिक्षामा पनि यस्तै कुराहरू सिकाउनुभएको छ । त्यसकारण र अक्षरको चिरफारले यो सत्यता पत्ता लगाउन सक्दैन । क्रुस एउटा रहस्यको कुरा हो, कसैको लागि मुर्खता हो, यस संसारको लागि व्यथै नै रहस्यको कुरा हो । केवल आत्मालाई चिन्न आत्माबाट मात्र सम्भव छ । संसारका मानिसलाई थाहा नभएको विश्वासीहरूका लागि त्यही नै शक्ति, बुद्धि र घमण्ड गर्ने ठाउँ हो ।

खीष्टलाई हाम्रो सामान्य मस्तिष्कले खोज्नै सक्दैन । खीष्टको प्रेमले ज्ञानलाई पार गर्दछ । खीष्टको अनुग्रह अपार छ । खीष्टको महिमा अथाह छ । उहाँको अनुग्रह गहिराइभन्दा पनि गहिरो र उचाइभन्दा पनि उच्च छ । गहिरोले गहिरोलाई र महिमाले महिमालाई बोलाउँदछ । आत्मिक शिक्षा तिनीहरूले बुझ्न सक्दैनन् । हामी उहाँलाई चिन्छौँ, हामी यो पनि जान्दछौ कि उहाँलाई चिन्नेहरूलाई उहाँले पवित्र अभिषेक पनि जान्दछौँ कि उहाँलाई चिन्नेहरूलाई उहाले पवित्र अभिषेक पनि दिनुहुन्छ । अभिषेकले परमेश्वरका कुराहरू लिन्छ त्यो हामीलाई दिन्छ र हामी उहाँलाई चिन्न सक्छौँ । परमेश्वरले विश्वासीहरूलाई मात्र आफ्नो रहस्य खोलिदिनु हुन्छ ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 01- 4982442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.heraldofhiscoming.org